# कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा राय सुझाव पठाउने सम्बन्धी सूचना

कर्मचारी सञ्चयकोष ऐन, २०१९ लाई संशोधन गरी अद्यावधिक गर्ने उद्देश्यले "कर्मचारी सञ्चयकोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक" को मसौदा तर्जुमा गरिएको छ। उक्त मसौदा उपर कुनै राय सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र यस मन्त्रालयको वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको इमेल ठेगाना fsmd@mof.gov.np मा प्राप्त हुने गरी उपलब्ध गराइदिनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै उक्त विधेयकको मसौदा यस मन्त्रालयको वेवसाइट www.mof.gov.np बाट प्राप्त गर्न सकिने बेहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

## विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम कर्मचारी सञ्चयकोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

(क) कुन समस्या सम्बोधनको लागि बिधेयक तर्जुमा गर्नु परेको हो सोको कारणः-

- आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यको बुँदा नं.३३० मा कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी कानुनी व्यवस्था गर्ने नीतिगत व्यवस्था गरेकोले उक्त नीतिगत व्यवस्था कार्यान्वयन गर्न।
- बजेट बक्तव्यको बुँदा नं ३५० मा कोषको साझेदारीमा निर्माण तथा सञ्चालन हुने आवास परियोजनामा लगानी गरी त्यस्तो परियोजनाबाट निर्माण तथा विकास गरिएको घर घडेरी सहुलियतपूर्ण ब्याजदर र किस्ताबन्दीमा कर्मचारीलाई उपलब्ध गराउने नीतिगत व्यवस्था कार्यान्वयन गर्न।
- कोषको ऐनमा भएका साविकका व्यवस्थालाई कार्यसञ्चालनको क्रममा अनुभूत भएका समस्या समेत निराकरण गर्ने गरी अद्यावधिक गर्न।

(ख) विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः-

- प्रस्तुत विधेयकवाट कोषको लगानीको दायरा विस्तार भई आयस्तर वृद्धि मार्फत योगदानकर्ताले प्राप्त गर्ने प्रतिफल वृद्धि हुनुका साथै कोषले लगानी गर्ने क्षेत्र विस्तार मार्फत

रोजगारी सिर्जना भई नागरिकको मौलिक हक तथा मानव अधिकारको प्रवर्द्धनमा योगदान पुग्ने।

(ग) <u>विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः-</u>

- विधेयकमा गरिएको संशोधन मार्फत कोषको कार्य क्षेत्र र लगानी विस्तार भई कोषको वित्तीय प्रभावकारीता र सो मार्फत समग्र अर्थतन्त्रमा सकरात्मक योगदान पुग्ने।
- संशोधन प्रस्तावबाट कोषमा थप आर्थिक तथा वित्तीय व्ययभार सिर्जना नहुने।

(घ) <u>विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः-</u>

- लगानीको नवीनतम उपकरण समेतलाई कानूनमा समेटिएबाट आर्थिक क्रियाकलाप चलायमान भई रोजगारीमा वृद्धि र गरिवी निवारणमा सहयोग पुग्न जाने।
- प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटल जस्ता नवीनतम वित्तीय उपकरणहरुमा लगानी गर्न सक्ने गरी कोषको लगानीको दायरा विस्तार मार्फत समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम, उद्योग, नवीन खोज र पूर्वाधार, दिगो शहर र वस्तिहरु, लैङ्गिक समानता जस्ता लक्ष्यहरुमा प्रत्यक्ष र परोक्ष योगदान पुग्ने।

(ङ) <u>विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः-</u>

- प्रस्तावित व्यवस्थाबाट कोषको व्यवस्थापन र सञ्चालनमा प्रभावकारिता र  पारदर्शिता अभिवृद्धि मार्फत सुशासन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने ।

(च) <u>विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः-</u>

- प्रत्यक्ष रुपमा सहयोग पुग्ने नदेखिएको।

(छ) <u>अन्य आवश्यक विषयः-</u>

- ऐनमा उल्लिखित सम्बद्ध निकाय र कानूनमा भएका परिवर्तन अनुकूल हुने गरी कानूनी प्रबन्ध हुने।
- कोषसँग मिल्दो जुल्दो कार्यप्रकृति भएका अन्य कोषको कानूनमा भएका व्यवस्थासँग एकरुपता कायम हुने।
- ऐन समसामयिक र अद्यावधिक हुने।

# कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** कर्मचारी सञ्चय कोष ऐन,२०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "कर्मचारी सञ्चय कोष (दशौं संशोधन) ऐन,२०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. कर्मचारी सञ्चय कोष ऐन,२०१९ (यस पछि "मूल ऐन" भनि□को)** को प्रस्तावनामा रहेको "नेपाल सरकार" भन्ने शब्दहरु पछि "प्रदेश सरकार, स्थानीय तहका कर्मचारी," भन्ने शब्दहरु थप गरिएको छ।

**३. मूल ऐनको दफा २ मा संशोधनः** मूल ऐनको दफा २ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

" (ख) "कर्मचारी" भन्नाले यस ऐन बमोजिम मासिक तलबबाट कट्टी गराउनुपर्ने रकम कट्टा गराई सञ्चय कोष, निवृत्तभरण कोष वा उपदान लगायत सामाजिक सुरक्षा संग सम्बन्धित अन्य कोषमा रकम दाखिला गराउने देहायका सञ्चयकर्ता कर्मचारी सम्झनु पर्छः-

(१) संवैधानिक निकाय तथा नेपाल सरकारका विभिन्न सेवाका कर्मचारी,

(२) नेपाली सैनिक सेवा नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपालको सेवा र नेपाल विशेष सेवाका कर्मचारी,

(३) शिक्षक सेवाका शिक्षक,

(४) प्रदेश तथा स्थानीय तहका कर्मचारी,

(५) संस्थाका कर्मचारी र

(६) नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशित गरी तोकिदिएका अन्य वर्गका कर्मचारी।

स्पष्टीकरणः यस ऐनको प्रयोजनको निमित्त कर्मचारी भन्नाले स्थायी कर्मचारी सम्झनु पर्छ।"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

" (घ) " ऋणपत्र " भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकारले निष्काशन गरेको ऋणपत्र सम्झनु पर्छ र यो शब्दले विदेशी सरकारको ऋणपत्र समेतलाई जनाउँछ।"

(३) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

" (ञ)"डिबेञ्चर" भन्नाले कुनै संस्थाले प्रचलित कानून बमोजिम जारी गरेको डिबेञ्चर सम्झनुपर्छ।"

(४) खण्ड (ढ) मा रहेका " कार्यालय भन्नाले कर्मचारीको तलबबाट कोष रकम कट्टी गरी कोषले तोकेको खातामा जम्मा गर्ने दायित्व भएको " भन्ने शव्दहरु पछि " संघ, प्रदेश वा स्थानीय तहका " भन्ने शव्दहरु थपिएका छन ।

(५) खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः-

" (त) "कोषले तोकेको" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, विनियम, निर्देशिका, कार्यविधि वा कोषले जारी गरेको सूचनामा तोकेको सम्झनुपर्छ ।"

४. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

" (५) कोषको केन्द्रीय कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ र कोषको काम सुचारु रुपले सञ्चालन गर्न कोषले चाहेको वखत नेपालका अन्य क्षेत्रहरुमा कार्यालय खोल्न सक्नेछ ।"

५. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को,-

(१) उपदफा (२) को खण्ड (क) को सट्टामा देहायको खण्ड (क) राखिएको छः-

" (क) नेपाल सरकारबाट मनोनित राजपत्रांकित विशिष्ट श्रेणीमा कार्यरत कर्मचारी – अध्यक्ष ।"

(२) उपदफा (४) मा रहेको "नियुक्त वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपदफा (६) मा रहेको "नियुक्त वा" भन्ने शब्दहरु झिकिएका छन् ।"

६. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को खण्ड (ङ) मा रहेको "दशौं" भन्ने शब्दको सट्टा "एघारौ" भन्ने शब्द राखिएको छ ।

७. **मूल ऐनको दफा ६क. मा संशोधनः**मूल ऐनको दफा ६क. को,-

(१) उपदफा (१) मा रहेको " दशौं " भन्ने शब्दको सट्टा "एघारौ " भन्ने शब्द राखिएको छ । "

(२) उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छः-

" (२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको पदावधि पाँच वर्षको हुनेछ । निजको कार्यसम्पादन स्तर सन्तोषजनक नभएमा वा आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा वा कोषको हित विपरित कुनै कामकारवाही गरेको देखिएमा नेपाल सरकारले पदमुक्त गर्न सक्नेछ ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

" (३) उपदफा (२) बमोजिम पदमुक्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

८. **मूल ऐनको दफा १२ मा १२ घ. थपः** मूल ऐनको दफा १२ ग. पछि देहायको १२घ. थप गरिएको छः-

**१२घ. निवृत्तभरण कोष सञ्चालन तथा व्यवस्थापनः**

“ (१)  कोषले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र संस्थाको प्रचलित कानून बमोजिम व्यवस्था गरिएको योगदानमूलक तथा योगदान रहित निवृत्तभरण,उपदान लगायत कर्मचारीको अवकाश सुविधासँग सम्बन्धित कोषको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने योगदानमूलक तथा योगदान रहित निवृत्तभरण कोष, उपदान लगायत  कर्मचारीहरूको अवकाश सुविधासँग सम्बन्धित कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिबाट स्वीकृत भए बमोजिम हुनेछ।”

९. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छः-

“ (१) दफा १२, दफा १२ख. दफा १२ग. र १२घ. बमोजिम कोषमा रकम जम्मा हुन आए पछि प्रत्येक कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको नामबाट जम्मा हुन आएको रकम सो कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको नामको खातामा जम्मा गरिनेछ।”

१०. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ को,-

(१)  उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“ (१) कोष कट्टी रकम कोषमा जम्मा गर्ने कर्मचारीले सञ्चालक समितिबाट स्वीकृत भए बमोजिम कोषबाट सापटीको रुपमा रकम झिक्न सक्नेछ।”

(२)  उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

“(३) उपदफा (१) बमोजिम कर्मचारीले झिकेको सापटीको साँवा ब्याज चुक्ता गरेमा वा समितिले तोकेको अवधि पूरा भए पछि पुनः रकम झिक्न सकिने छ।”

११. **मूल ऐनको दफा १४ क. मा संशोधनः** मूल ऐनको दफा १४क. को,-

“ (१)  उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छः-

“ (१) कुनै कर्मचारीले कोषबाट सापटी लिएको छ भने निजले लिएको सापट्टी मध्ये तिर्न बाँकी साँवा ब्याज रकम निजको नाममा संचित रहेको कोष कट्टी रकमबाट कट्टी गरी हिसाब मिलान गरिनेछ।”

(२)  उपदफा (२) मा रहेको “तर कोषबाट रकम झिकेको वा सापटी लिएको मितिले दुई वर्ष पूरा नभई निजले पुनः रकम झिक्न सक्ने छैन।” भन्ने  प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(३)  उपदफा (३) मा रहेको “घर सापटी” भन्ने शब्दहरुको सट्टा “सापटी” भन्ने शब्द राखिएको छ।”

१२. **मूल ऐनको दफा १५ क. मा संशोधनः** मूल ऐनको दफा १५क. को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

“ (४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कर्मचारीले कोषबाट लिएको सापटीको साँवा ब्याज रकम कोषले निजको नाममा जम्मा भएको रकमबाट असुल उपर गरी हिसाब मिलान गर्न सक्नेछ ।”

**१३. मूल ऐनको दफा १८ मा संशोधन र थपः** मूल ऐनको दफा १८ को,-

“ (१) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

“ (झ) कोषले दिएको ऋण वा सापटीको साँवा ब्याजको रकम किस्ता कबुलियतनामाको शर्तका म्यादभित्र चुक्ता नभई धितो वा जेथा जमानी राखेको सम्पत्ति लिलाम बिक्री गर्नु परेमा कोषले कम्तीमा पैतीस दिनको म्याद दिई स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशित गरी सो म्याद समाप्त भएपछि त्यस्तो सम्पत्ति लिलाम बिक्री गरी त्यस्तो रकम असुल उपर गर्न सक्नेछ । यसरी, लिलाम बिकी गर्दा कसैले नसकारेमा कोषले त्यस्तो सम्पत्ति सकार गर्न सक्नेछ । ।”

(२) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप गरिएको छः-

“ (ञ) कोषले लिखत गराई कुनै सम्पत्ति धितो लिएको लिखतमा उल्लेख भएको शर्त बमोजिमको म्यादभित्र धितो लिलाम गर्न वा सकार गर्न कारबाही प्रारम्भ नगरेको कारणले मात्र धितो माथिको कोषको अधिकार समाप्त हुनेछैन ।”

**१४. मूल ऐनको दफा १९ मा संशोधन र थपः** मूल ऐनको दफा १९ को,-

(१) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

“ (ज) कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायसँग मिलि ऊर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने कम्पनीको शेयरमा लगानी गर्न सक्ने ।”

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

“ (झ) कोषले आफै वा अरु संस्थासँग मिली कम्पनी वा संस्था स्थापना गरी कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरुको सहभागितामा सामूहिक लगानी योजना (म्युचुअल फण्ड) सञ्चालन गर्ने ।”

(३) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थप गरिएको छः-

“ (झ१) प्रचलित कानून बमोजिम स्वीकृती प्राप्त प्राइभेट इक्विटी र भेञ्चर क्यापिटल फण्डका धितोपत्र इकाईमा लगानी गर्ने । ”

(४) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

“ (ञ) कोषले प्रचलित कानून बमोजिम आफैं वा अरु संस्था संग मिलि कम्पनी वा संस्था स्थापना गरी पूँजी बजार एवं वित्त बजारको क्षेत्रमा कोष रकम परिचालन गर्ने ।”

(५)  खण्ड (ट) पछि देहायको खण्ड (ट१) थप गरिएको छः-

“ (ट१) कोषले उपयुक्त ठहऱ्याएको प्रचलित कानून बमोजिम स्थापित कम्पनी वा संगठीत संस्था द्वारा निर्माण तथा सञ्चालन हुने आवास परियोजनामा ऋण लगानी गरी त्यस्ता परियोजनाबाट निर्माण तथा विकास गरिएका घर घडेरीहरु खरिद गर्न कर्मचारीहरुलाई सापटी प्रवाह  गर्ने ।”

(६)  खण्ड (ठ) मा रहेको “अध्ययन गरी” भन्ने शब्दहरु पछि “शेयर तथा ऋण” भन्ने शब्दहरु थप गरिएको छ ।”

**१५.  मूल ऐनको दफा ३०क. मा संशोधनः** मूल ऐनको दफा ३०क. को सट्टा देहायको दफा ३०क. राखिएको छः-

“**३०क.**यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम बिपरीत नहुने गरी कोषको काम कारबाहीलाई व्यवस्थित रुपमा सञ्चालन गर्न समितिले आवश्यक विनियम, कार्यविधि, निर्देशिकाहरू बनाउन सक्नेछ ।”